सन्धिखर्क नगरपालिका कार्यालय
सन्धिखर्क,अर्घाखाँची
दरभाउपत्र आह्वानको सुचना
प्रथम पटक सुचना प्रकाशित मितिः २०७६/२/२

यस सन्धिखर्क नगरपालिका कार्यालयबाट तपसिल बमोजिमका योजनाहरु दरभाउपत्र द्वारा गराउनुपर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त इच्छुक निर्माण ब्यबसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रहि रितपुर्बको दरभाउपत्र बहवान गरिएको छ ।

शर्तहरु

१. दरभाउपत्र खरिद सम्बन्धि कागजात दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीद साथ निर्माण ब्यबसायीले कम्पनी सञ्चालनको नागरीकताको प्रतिलिपी आ.ब.०७४/०७५ सम्म ब्यबसाय नबिकरण भएको इजाजतपत्र,आयकर तथा मु.अ.कर दर्ता प्रमाणपत्र,आ.ब.२०७४/७५ को कर चुक्ता प्रमाणपत्र को प्रमाणित प्रतिलिपि संलग्न गरी लिखित निबेदन दिई यो सुचना पत्रिकामा प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन कार्यालय समयसम्म यस कार्यालयको योजना शाखाबाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ ।
२. यस कार्यालयबाट खरिद भएको दरभाउपत्र फाराम सिलबन्दी गरी खाम बाहिर बोलपत्रदाताको नाम,ठेगाना र कामको बिबरण स्पष्ट उललेख गरी सिलबन्दी गरि यस कार्यालयमा १६ औ दिनको १२.०० बजे भित्र दर्ता गरि सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोहि दिंनको १.०० बजे यस कार्यालयमा कार्यालय प्रतिनिधि र दरभाउपत्र दाताका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पुग्ने छैन । कारणबश शिलबन्दि दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने तथा खोल्ने दिन सार्बजनिक बिदा पर्न गएमा कार्यालय खुलेको दिन सोहि समयमा हुने छ ।
३. दरभाउपत्र शर्त रहित केरमेट नभएको हुनु पर्नेछ । यदि केरमेट भएमा केरमेट भएको ठाउँमा दरभाउपत्रपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्ने छ ।
४. शिलबन्दी दरभाउपत्र फारामसाथ निम्न बमोजिमको धरौटी वापतको रकम यस सन्धिखर्क नगरपालिका कार्यालयको सन्धिखर्क स्थित रा.बा.बैंक मा रहेको धरौटी खाता नं. ३०५०३०३००७१०६ मा नगद जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा जारी शिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति देखि गणना हुनेगरि १५० दिनको म्याद भएको बैंक ग्यारेन्टी बिडवण्ड को सक्कल प्रति पेश गर्नु पर्ने छ ।
५. दरभाउपत्र,डकुमेन्ट,स्पेसीफिकेशन,परिणाम सुचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा बिषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनैपनि बेला सञ्चाउन बाधा पर्ने छैन ।
६. दररेट अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । केरमेट भएमा केरमेट भएको स्थानमा सहिछाप गर्नु पर्ने छ । दररेट रकम अक्षर र अंकमा फरक पर्न आएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ । दरभाउपत्र फारमको प्रत्येक पानामा सम्बन्धित ठेकदारको दस्तखत र फर्मको छाप अनिबार्य हुनु पर्नेछ ।
७. दरभाउपत्र दर्ता गर्नु अगाबै सम्बन्धित ब्यबसायीहरुबाट साईट निरिक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।
८. एक फर्मको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।
९. सुचनामा नभएका कुराहरु सार्बजनिक खरिद नियमावली बमोजिम हुनेछ ।
१०. थप जानकारिको लागि कार्यालय समयभित्र यस कार्यालयको सम्पर्क नं. ०७७-४२०११२ मा सम्पर्क राख्न सकिने छ ।
११. BOQ मा जम्मा रकम भ्याट सहीत /बाहेक खुलाउनु पर्नेछ नखुलाएमा भ्याट बाहेक भन्ने बुझिने छ ।
१२. दरभाउपत्र पुर्ण वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

| ठेक्का नं. | कामको बिबरण | भ्याट सहीत जम्मा रकम | धरौटी रकम | बोलपत्र सम्बन्धि कागजात दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| ३०/०७५/७६ | रुब्दी-हराठाना-खहरेखोला -रहिसचौर-भडार -मो.मा. स्तरउन्नती | १२०००००/- | ३००००/- | १०००/- | |
| ३१/०७५/७६ | जाडीखोला - आमडाँडा -गहते-खड्कहाथुम-मसुरखोला-देउराली लिफ्ट खा.पा. स.न.पा.४ | १३९९९९८/- | ३५०००/- | १०००/- | |

प्रमुख प्रशासकिय अधिकृत
सन्धिखर्क नगरपालिका कार्यालय